

लोकतान्त्रिक गणतन्त्रको एकमात्र आधार "सत्य, तथ्य र खोजमुलक समाचारको संवाहक"

# कृपा दैनिक

❖ वर्ष :- ४ ❖ अंक - ३२३ ❖ २०६४ माघ १४ गते सोमवार 2008 Jan 27 ❖ मूल्य रू. २/- ❖ पृष्ठ संख्या :- ४

सूचना सूचना सूचना

५ बर्षके निचेके सम्पूर्ण बच्चा सबके पोलियो थोपा खियाँई आ लुल्ला लङ्ड तथा अपाङ्ग होये से बचाँई । ई सब अपनेके वार्डमे तथा खोप क्लिनीकमे ले जाके महिला स्वास्थ्य स्वंयम सेवीका दिदि से खियवाई ।

पोलियो थोपा खियाबेके मिति इहे माघ १९ गते से माघ २० गते तक खियावल जा रहल बा ।

जिल्ला स्वास्थ्य कार्यालय
बारा

## सदरमुकाम चक्काजामका कारण तराई प्रभावित
## ठाउं -ठाउंमा तोडफोड, सहमति कार्यान्वयनको माग

■कृपा संवाददाता———
कलैया, १३ माघ / मधेशी जन अधिकार फोरम उपेन्द्र यादव र सद्भावना राजेन्द्र महतो पक्षधर अन्तरगतको संयुक्त मधेशी मोर्चाले आहवान गरेको सदरमुकाम चक्का जामका कारण पूर्वी तथा मध्य तराई पूरै प्रभावित भएको छ ।

सरकारसंग फोरमले गरेको २२ बूंदे सम्झौता तत्काल कार्यान्वयन गर्नु पर्ने मांग राख्दै ति पार्टीहरुले आफ्नो दोश्रो चरणको आन्दोलन आइतवार एक दिनका लागि सदरमुकाम चक्काजामको आहवान गरेका हुन् । चक्काजाम सदरमुकाममा मात्र केन्द्रित हुने भनिएपनि महेन्द्र राजमार्गमा समेत सवारी साधन चलेका थिएनन् ।

मोर्चाले आहवान गरेको सदरमुकाम चक्काजामका कारण बारा जिल्लाको सदरमुकाम पुरै प्रभावित भएको छ । सदरमुकामको मुख्य ठाउं भरत चौकमा नै मोर्चाका कार्यकर्ताहरुले टायरबाली सडक अवरुद्ध पारेपछि जिल्लाबाट बाहिर चल्ने लामो तथा छोटो सवारी साधनहरु ठप्प भएका छन् ।

यसैबीच प्रहरीले आफ्ना कार्यकर्ता पकाउ गरेको भन्दै संयुक्त मधेशी मोर्चाले अनिश्चितकालीन बारा जिल्ला बन्दको आहवान गरेको छ ।



मोर्चाका चक्काजामका कारण यात्रुको प्रतिक्षामा बस्दै टांगाहरु । *तस्विरः राम क्षेत्री*

प्रहरीले आइतवार वीरगंज कलैया सडक- खण्ड अन्तरगत टेम्पोमाथि तोडफोड गरेको आरोपमा फोरमका कार्यकर्ता भागिरथ यादवलाई नियन्त्रणमा लिएको थियो ।

उता, पर्साको सदरमुकाम वीरगंज समेत चक्काजामका कारण प्रभावित भएको छ । चक्काजामको अवज्ञा गरेको भन्दै वीरगंजको घंटाघरमा चारवटा ट्याम्पु र वाईपासमा एउटा ट्याक्टरमाथि आन्दोलनकारीले तोडफोड गरिदिएको प्रहरीले बताएको छ । सदरमुकाम वीरगंज भित्रने र बाहिरिने सबै सवारी साधनहरु ठप्प रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले जनाएको छ ।

त्यसैगरी सदरमुकाम चक्काजामको प्रभाव रौतहट जिल्लामा समेत परेको छ । दिनभर सदरमुकाम गौरमा मोर्चाका कार्यकर्ताले टायरबाली सडक अवरुद्ध गरेको हाम्रा स्थानीय सम्वाददाताले पठाएको समाचारमा उल्लेख छ । चक्काजामको प्रभाव पूर्वका तराईका जिल्लाहरुमा समेत परेको छ ।

मधेशी मोर्चाका अलावा अन्य तराईका केही भुमिगत संगठनहरुले समेत बन्दको आहवान गरेका कारण पूर्वी तराईको सर्लाही, धनुषा, महोत्तरी, सिरहा लगायतका जिल्लाहरुको यातायात सेवा समेत ठप्प रहेको प्राप्त समाचारमा जनाइएको छ । सदरमुकाम चक्काजामका कारण

- शेषः पृष्ठ ३ मा

## माघ १६ को सभालाई सफल पार्न १२ सय अतिरिक्त प्रहरीलाई वीरगंज ओराल्ने निर्णय

■कृपा संवाददाता———
वीरगंज, १३ माघ / यही माघ १६ गते वीरगंजमा सत्ता साझेदार दल सात राजनैतिक दलको गठबन्धनले आयोजना गर्न लागेको संयुक्त चुनावी घोषणा सभालाई मध्य नजर गरी पर्सा प्रशासनले थप १२ सय अतिरिक्त प्रहरीलाई पर्सामा उतार्ने भएको छ ।

आइतवार अंचल प्रहरी कार्यालय नारायणीमा बसेको मध्यमाञ्चलका उच्च सुरक्षा अधिकारीहरुको बैठकले यस्तो निर्णय गरेको बैठकमा सहभागि एक सुरक्षा अधिकारीले बताएका छन् । बिषेश गरी सभालाई सफल बनाउन प्रहरी प्रधान कार्यालयबाट र मध्य क्षेत्रीय तालीम केन्द्र भरतपुरबाट उक्त प्रहरी फोर्स मगाउने निर्णय बैठकले गरेको जनाएको छ ।

सो बैठकमा मध्यमाञ्चल प्रहरीका प्रहरी महानिरिक्षक किरण गौतम, अंचल प्रहरी कार्यालय नारायणी वीरगंजका वरिष्ठ प्रहरी उपरिक्षक रमेश शेखर बज्राचार्य, पर्साका प्रहरी उपरिक्षक योगेश्वर रोमखामी लगायतका प्रहरी उच्च अधिकारीहरुको बैठकमा सहभागिता रहेको थियो ।

सात दलले आयोजना गरेको सो चुनावी घोषणा सभालाई विभिन्न तराईका भूमिगत तथा अर्ध भुमिगत पाटीहरुले जिल्ला बन्दको आहवान गरेपछि सभालाई विथोल्न सक्ने आशंकाले प्रहरीले यसरी अतिरिक्त प्रहरी बल झिकाउन लागेको हो ।

## विद्यार्थी संघको सभालाई सफल पार्न आग्रह
## विद्यार्थी मोर्चाको सभा बिथोल्नेगरी बन्दको आह्वान

■कृपा संवाददाता———
वीरगंज, १३ माघ / सात राजनैतिक दलले वीरगंजमा माघ १६ गते गर्न लागेको चुनावी सभालाई सफल पार्न एक विद्यार्थी संघले आग्रह गरेको छ भने अर्को विद्यार्थी संगठनले सभालाई विथोल्न तीन दिने जिल्ला बन्दको आहवान गरेको छ ।

नेपाल विद्यार्थी संघ ठाकुरराम ईकाई समितिको आइतबार संघका केन्द्रीय सदस्य ईम्तियाज आलमको प्रमुख आतिथ्यथामा र ईकाई अध्यक्ष नविन सिंहको सभापतित्वमा सम्पन्न बैठकले माघ १६ को चुनावी सभालाई सफल पार्न सबैलाई आग्रह गरेको छ । बैठकमा दिप प्रकाश गुप्ता, राजेश चौधरी, रमिता रोग्मी लगायतकाको उपस्थिति रहेको सो संघले जनाएको छ ।

यसैबीच तराई विद्यार्थी मुक्ति मोर्चा ज्वाला सिंह समुहले माघ १६ को सभालाई बिथोल्नेगरी ३ दिने बारा पर्सा बन्दको आहवान गरेको छ । उक्त मोर्चाका केन्द्रीय सदस्य सागर सिहले एक विज्ञप्ति जारी गरी सभामा सरिक हुन नदिन यही माघ १५,१६ र १७गते लगातार तीन दिनको बन्द आहवान गर्दै सम्पुर्ण विद्यार्थीहरुलाई सभामा सरिक नहुन आग्रह गरेका छन् ।

## पर्सा जिल्लामा कुष्ठरोगीको संख्या बढ्दो
## उपचार तीव्ररूपमा भई रहेको दावी

■कृपा संवाददाता———
वीरगंज, १३ माघ / पर्सा जिल्लामा हाल सम्म १४६ जना कुष्ठ रोगीहरु भएको बताइएको छ ।

५५ औं कुष्ठरोग दिवसका अवसरमा आइतबार जिल्ला जनस्वास्थ्य कार्यालय पर्साले आयोजना गरेको पत्रकार महासंघ पर्सा शाखाको सभाकक्षमा बोल्दै जिल्ला जनस्वास्थ्य कार्यालय पर्साका प्रमुख सहाबुद्दिन विक्रामीले सो कुराको जानकारी दिनु भएको हो । उहांले पर्सा जिल्लामा भएका सबै कुष्ठ रोगीहरुको खोजी कार्य तिब्र पारी उपचार गराई रहिएको जानकारी दिनु भयो । ९० जना सर्ने रोगीको हाल उपचार भई रहेको पनि उहांले जानकारी दिनुभयो ।

यद्यपी कुष्ठ रोगलाई समाजले हेको दृष्टिले हेर्ने गरेका कारण गाउंमा केही कुष्ठरोगीहरु अझैपनि रहेको सो अवसरमा पत्रकारहरुले सचेत गराएका थिए । पत्रकार महासंघ पर्सा शाखाका सभापति सत्रुघन नेपालको अध्यक्षतामा सम्पन्न भएको सो कार्यक्रममा प्रेस युनियनका उपाध्यक्ष युवराज खड्का, मेची महाकाली मिडिया सोसाइटीका श्रीराम रायमाझी, प्रेस चौतारीका राघव साह, क्षयरोग निवारण संस्थाका सुदर्शन शाक्य लगायतकाले आ-आफ्ना धारणा राख्नु भएको थियो ।

यसैबीच ५५ औं कुष्ठरोग दिवस जिल्ला जनस्वास्थ्य कार्यालय बाराले पनि एक कार्यक्रमको आयोजना गरी मनाएको छ । जिल्लाभरमा १२३ जना कुष्ठरोगका रोगीहरु रहेको र ५५ जना सर्ने कुष्ठरोगका रोगीहरुको हाल उपचार भई रहेको सो कार्यालयका डा. अब्दुल रहमानले जानकारी दिनुभयो । सो अवसरमा विभिन्न वक्ताहरुले मन्तव्य राख्नु भएको थियो ।



अन्तर क्रियाका सहभागीहरु । *तस्विरः राम क्षेत्री*

## आगो ताप्न खोज्दा आगलागी, पांच लाखको क्षती

■कृपा संवाददाता———
कलैया, १३ माघ / बढ्दै गरेको चिसोबाट बच्न आगो बालेर ताप्न खोज्दा आगो सल्किएर घर नै जलेको समाचार प्राप्त भएको छ ।

आइतवार बारा तथा पर्साको छुट्टा-छुट्टै दुई गाविसमा आगजनी हुंदा पाच लाख बराबरको क्षती भएको छ । बारा जिल्लाको मधुरिमा गाविसको वडा नं.- ३ मा आगलागी हुंदा स्थानीय बुद्धिराम चौधरीको मोटरसाइकल लगायत खाद्य तथा लत्ता कपडा गरी दुई लाख बराबरको सामान जलेर नष्ट भएको बताइएको छ ।

त्यसैगरी पर्साको पौराही गाविसका महेन्द्र साह र बिरेन्द्र साहको घरमा आगजनी हुंदा उनीहरुको घर समेत जलेर तीन लाख बराबरको क्षती भएको जनाइएको छ ।

दुबै जिल्लाका दुबै गाविसहरुमा आगो ताप्न खोज्दा आगो सल्किएको ठहर प्रहरीले गरेको छ ।

## मधेश नेपालकै एउटा प्रान्त भएको हेर्न चाहन्छु -कर्ण

■कृपा संवाददाता———
वीरगंज,१३ माघ / डेनमार्कका लागि नेपाली राजदुत विजयकान्त कर्णले मधेश आफूले नेपाल भित्र रहेको एक प्रान्तको रुपमा विकसित भएको हेर्न चाहेको कुरा बताउनु भएको छ ।

सामाजीक जिल्ला समन्वय समिति पर्साले उहांको सम्मानमा वीरगंजमा आइतवार आयोजना गरेको एक कार्यक्रममा बोल्दै राजदुत कर्णले सो कुरा बताउनु भएको हो । उहांले मधेश छुट्टै स्वयत्तताको कुरा गर्नु केही बर्ष अझै मधेशलाई विकास लगायत अन्य सुविधाबाट पछाडि धकेल्नु हो- भन्नुभयो । कर्णले तराईमा आन्दोलनरत सबै पक्षलाई सरकार संग बार्ता गर्न सुझाव दिनु भएको छ । आन्दोलन, हत्य हिंसाले कसैको पनि फाइदा नहुने भएकोले बार्ताको बाटो अवलम्बन गराउन समेत सुझाव दिनु भयो ।

संविधान सभाको चुनावले मात्र सबै मधेशीको हक अधिकारको

- शेषः पृष्ठ ३ मा

## अनियमित तवरले विधुत कटौती हुंदा वाक्क छन् उपभोक्ताहरु

नेपाल जलश्रोतको दृष्टिकोणले दोश्रो ठूलो धनी देश भनेर भन्ने गरिन्छ तर पनि नेपाली जनता अहिले १२ घण्टा अंध्यारोमा वस्न वाध्य छन् । कहिले जलाशयमा पानी थोरै भयो भनेर विद्युत कटौती हुन्छ त कहिले धेरै भयो भनेर पनि विद्युत कटौती हुन्छ ।

अहिले प्रत्येक नेपाली जलभोक्ता दैनिक १२ घण्टामा लोडसेडिंगको चर्को भार खेप्न विवश छन् । बारम्बार विद्युत प्राधिकरणमा कुरा उठाउंदा उसले प्राविधिक कारण देखाउने गरेको उपभोक्ताहरुको गुनासो रहेको छ । विद्युत आपूर्ती भएको दिन अब नेपाली उपभोक्ताले भेट्न पाउछन् जस्तो देखिदैन ।

यहाँसम्म एउटा स्पष्ट कुरा के

**कृपा दृष्टि**

हो भने विद्युत प्राधिकरणले पनि केही हदसम्म गल्ती छ । अघिल्लो दिन विद्युत कटौतीको एउटा तालीका सार्वजनिक गर्छ भोलिपल्ट अर्को नै तालीका बनाउँछ । जसले गर्दा साना लघु उद्योग संचालन गरिनेमा उद्योगहरुलाई अप्ठारो पर्छ भन्ने कुरा प्राधिकरणले सोचेकै हुँदैन ।

अनियमित विद्युत कटौतीका कारण वीरगंज पथलैयामा संचालित औद्योगिक क्षेत्रहरुका तीन दर्जन भन्दा बढी उद्योगहरु बन्द हुने अवस्थामा पुगेको बारा पर्साका उद्योग बाणिज्यहरुले जनाएका कारण अनियमित विद्युत कटौती नहोस भन्छन्, आम उपभोक्ताहरु ।

## महावाणी

ध्यायतो विषयान्पुंसः संगस्तेषूपजायते ।
संगात्सञ्जायते कामः कामात्क्रोधोभिजायते ॥

*When a man allows his mind to muse on the objects of sense-enjoyments, an attraction for them is created. Attraction develops into craving and from craving follow causes for anger.*


प्रधान सम्पादक : नवराज उपाध्याय
प्र. निर्देशक/सम्पादक : कमल कुमार उपाध्याय
९८४५०४१८८५,९८०४२७७३२२
कार्यकारी सम्पादक : कृष्णउदास खनाल, विनोद प्याकुरेल
प्रकाशक/मुद्रक : कुशल प्रकाशन अफसेट प्रेस, बारा
विशेष सहयोगी : ओमप्रकाश ठाकुर / रमेश तिमल्सिना
आई.टी. प्रमुख : भुवन कुमार झा
कार्यालय- आचार्य इलेक्ट्रोनिक्स, भरतचौक, कलैया
फ्याक्स नं. ०५३-५५०५६६,
श्रीपूर, वीरगंज-१६,
फोन नं. ०५१-५२४३६६, फ्याक्स ०५१-५२३०७६
e-mail:– kreepadaily@gmail.com
http://kreepa.wordpress.com


## सम्पादकीय......

### सभा अनि झडप

*लोकतन्त्रले दिएको उपहार भने कै सभा, सम्मेलन गरी शान्तिपूर्व आफ्नो वाक स्वतन्त्रताका ग्यारेन्टी गराउनु नै हो ।तर अहिले देशभर भइरहेका झडपको स्थिति देखा परेको छ । वाक स्वतन्त्रताको रक्षा सबैले गर्नुपर्छ र सुन्नुपर्छ भनेर सबैले बुझे जस्तो देखिदैन । तानाशाही जो कसैले लादन खोज्ने हो भने लोकतन्त्र र शाहीतन्त्रमा खासै फरक भएन नि ?*

*अहिले जो कोहीले पनि आफ्नो पकट भएको ठाउँमा तानाशाहीपन लागु गर्न खोजेको देखिन्छ किन कि पहाडी भेगमा वाई.सि.एलको, तराई भेटमा हिंसात्मक संगठनहरुको एवं प्रकारको तानाशाहीपन देखिएकै छ। जनताको अधिकार भन्दा पनि जनतालाई ढाल बनाएर आफ्नो अभीष्ट पूरा गर्ने दीवा सपना देखिएका छन् । जनता त्यती मूर्ख छैनन् भन्ने कुरा कहिले बुझने हुन् यिनीहरुले ।*

*अहिले जनताले झडप, हत्या हिंसा चाहेका छैनन् , जनताले त शान्ति सुरक्षाको वातावरण र चुनावी माहौल देखा परेको हेर्न चाहेका छन् । नयाँ नेपाल निर्माणका लागि नेपाली जनता हतार छन् । संविधान सभाको चुनावमा भोट हाल्न जनता आतुर छन् तर ख्यै त चुनावी माहौल ? एकातिर भाषण गर्ने अर्कोतिर झडप यो कस्तो राजनीतिक हो ? यो घृणित राजनीतिले अन्तत: कसैलाई फाइदा गर्दैन ।*

# "गुणात्मक तरिकाले"
## पर्साको पत्रकारिता अगाडी बढ्न सकेको छैन -घिमिरे



*वीरगंज रेडियो सुन्ने श्रोता वा पाठकका लागि पक्कैपनि उज्वल घिमिरेको नाउँ नौलो नहोला । वि.सं २०३८ मंसीर १७ गते पीता उद्धव प्रसाद घिमिरे र माता लक्ष्मी देवी घिमिरेको कोखबाट विराटनगर उप–महानगरपालिकाको वडा न. १५ जनपथ टोलमा उहाँ जन्मनु भएको थियो । जेठो सन्तानका रूपमा रहनु भएका घिमिरेले ज्ञान ज्योति मा.वि. वीरगंजबाट वि.सं २०५३ सालमा प्रवेशिका परीक्षा पास गर्नुभएको थियो । आइकम वीरगंजकै ठाकुर राम बहुमुखी क्याम्पसबाट ०५७ सालमा पास गर्नुभएका घिमिरे हाल सोही कलेजमा वि.वि.एस.मा अध्ययनरत हुनहुन्छ । रेडियो वीरगंजको समाचार शाखाका अलवा नेपाल पत्रकार महासंघ , रेडियो वीरगंज शाखाको सविच र प्रेस युनियन पर्सा शाखाको कोषाध्यक्ष पनि उहाँ हुनुहुन्छ । कृपा दैनिकले समसामयीक विषय वस्तुमा केन्द्रिकृत गराई कुराकानी गरेको थियो । प्रस्तुत छ, सोही कुराकानीको सार संक्षेप :-*

✍ कृपा:- लोकतन्त्रको उदय पश्चात नेपाली पत्रकारिताको अवस्था यहाँले कस्तो देख्नु भएको छ, उज्वल ज्यू ।

☞ घिमिरे:- लोकतन्त्र स्थापना प्रश्चात नेपाली पत्रकारिता चुनातीकै अवस्थामा छ । राज्य पक्षबाट होस् वा विभिन्न विद्रोही पक्षबाट ति दुवैको चपेटामा नेपाली पत्रकारितातिर परेको छ । अन्य मुलुकको सवालमा नेपाली पत्रकारिता विस्तारै विकसित हुदै आइरहेको छ । त्यसैले पनि हिजोको तुलनामा भन्दा पत्रकारिता विकसित भएपनि चुनौतिपूर्णको अवस्थामा छ, अर्को चुनौती यसले सामना गदैछ ।

✍ कृपा:- यहाँले चुनौतीका कुरा उठाउनुभयो, कस्तो छ उपत्यका र मोफसलमा पत्रकारिताको चुनौती ?

☞ घिमिरे:- उपत्यकामा त छदै छ नि, मोफसलमा पनि व्याप्त छ । मुलुकको परिवेषलाई सशस्त्र समूहबाट मात्र नभइकन सबै पक्षबाट पनि नेपाली पत्रकारिता चुनौतीको बाटोमा यतिबेला हिँडिरहेको छ ।

✍ कृपा: - उज्वली जी, बारा, पर्साको पत्रकारिता जगतलाई यहाँले कुनरुपबाट नियाल्न भएको छ ?

☞ घिमिरे:- पत्रकारिताको मूल्य र मान्यतालाई कायम राख्दै त्यसमा अडिक रहेको तथा पत्रकारिताको भूमिका चिनेर पत्रकारिता गर्ने व्याक्तिहरुको संख्या एकदमै न्यून भएको मैले पाएको छु । संख्यात्मक रुपमा त बढी नै देखिएको छ तर गुणात्मकरुपमा एकदमै कम छ । वीरगंजको वारेमा डेढ सय भन्दा बढी पत्रकार यहाँ छन् तर क्रियाशिल पत्रकारको संख्या ज्यादै कम छ ।

✍ कृपा: यहाँ पनि एउटा रेडियोकर्मी हुनुहुन्छ , रेडियोमा कत्तिको स्वच्छ प्रतिस्प्रर्धा पाउनु भएको छ यहाँले ?

☞ घिमिरे:- जतिबेला वीरगंजमा रेडियो वीरगंजको स्थापना भएको थियो ।त्यतिबेला बुटवल जस्तो ठाउँमा तीनवटा रेडियो थियो । वीरगंजमा पनि पुन: थप एफएमको आवश्यकता भएको बेला भएको र स्वच्छ प्रतिस्प्रधाले नै आफू भित्रमा निहित प्रतिभालाई उजागर गर्ने भएकोले अहिले सम्म स्वच्छ प्रतिस्प्रर्धा छ भन्ने मलाई लाग्दछ ।

✍ कृपा:- एउटा प्रश्न यहाँ निर जोडौ उज्वल जी, तपाईलाई अन्य रेडियोले बोलाएका थिएनन् ? रेडियो वीरगंज छाड्नु भएन नि ?

☞ घिमिरे :- एकदमै राम्रो प्रश्न गर्नुभयो, निश्चय पनि बोलाएको थियो । तर जुन स्टेशनले मलाई प्लेटफर्म दियो । उज्वल घिमिरे भनेर समाजलाई चिनायो त्यो स्टशनको गरिमालाई संझे मैले अनि त्यस्ता प्रश्तावलाई अस्वीकार गरें । यही रेडियोमा पनि रहेर समाजलाई पृथक कुरा दिने मेरो प्रयास जारी रहेको छ ।

✍ कृपा:- वास्तविक रेडियोको परिभाषा के होला ?

☞ घिमिरे:- नेपालमा साक्षरता भन्दा नपढेकाको बढी वाहुल्यता छ । पत्रिका त क,ख,जानेका आम जनसमुदाय मात्रै पढ्न सक्ने भए तर र रेडियो जसले पनि सुनेर बुझ्न सक्छ । त्यसैले सूचना समाचार थाहा पाउने सजिलो माध्याम रेडियो हो भन्ने मलाई लाग्छ ।

✍ कृपा:- पछिल्ला समयमा एफ.एम. खोल्नेहरुको बाढी आएको छ, जस्तो लाग्दैन यहाँलाई ?

> जतिबेला वीरगंजमा रेडियो वीरगंजको स्थापना भएको थियो ।त्यतिबेला बुटवल जस्तो ठाउँमा तीनवटा रेडियो थियो । वीरगंजमा पनि पुन: थप एफएमको आवश्यकता भएको बेला भएको र स्वच्छ प्रतिस्प्रधाले नै आफू भित्रमा निहित प्रतिभालाई उजागर गर्ने भएकोले अहिले सम्म स्वच्छ प्रतिस्प्रर्धा छ भन्ने मलाई लाग्दछ ।

> आफू बाचौ अरुलाई पनि बाँच्न दिउँ । सबेले बाँच्न पाउने अधिकारले सुनिनिश्चतता गरेर सयमसँगै यो क्षेत्रमा आउने नव आगन्तुक साथीहरुलाई फस्टाउदो संचारक्षेत्रको गहनता बुझ्न आग्रह गर्दछु ।

☞ घिमिरे:- सरकारी नियमले एफ.एम. स्टेशनलाई दिएको छुट नै विशेष कारण हो, रेडियो खोलिनेक्रममा वादी आएको । गुणात्मकरुपबाट पनि विकसित भए परिमाण सकारात्मक हुन्छ भने लाग्छ ।

✍ कृपा:- उज्वल जी, तपाईहरुको रेडियोले बढी राजधानी केन्द्रीत समाचार बजाउछ भन्ने आरोप लाग्ने गरेको छ नि ?

☞ घिमिरे :- त्यो आरोप निराधार हो भन्ने लाग्छ । हामीको सबैखाले समाचारलाई प्राथमिकता दिएन समाचारको रुपमा बजाउने गरेका हो । कुनै जात, पार्टी , धर्म वा वर्गको समाचार संप्रेषण गरिरहेको छ त्यस्तो रेडियो वीरगंजले गरेको छ की छैन त्यो श्रोताले मुल्याङ्गन गर्ने कुरा हो ।

✍ कृपा:- तराईका सशस्त्र समूहको धम्कीको सामना यहाँहरुले कतीको गर्नुपरेको छ ?

☞ घिमिरे :- वीरगंजको पहिलो रेडियो स्टेशन भएको होला सशस्त्र समूहले धम्की भन्दा पनि घटनाको जिम्मेवारी यही रेडियोबाट लिने गर्दछन् । त्यो सबैलाई थाहा भएकै कुरा हो । खासै त्यस्तो धम्कीको सामना त रेडियोले गर्न परेको छ, जस्तो मलाई लाग्दैन तर गतबर्ष रेडियो वीरगंजमाथि भएको हमलाको वारेमा भने सबैलाई थाहा नै छ ।

✍ कृपा:- आक्रमणको कुरा बताउनु भयो, साँच्चकै यहाँहरुले दुई सयको संख्यामा आन्दोलनकारी छन् भनेर प्रसारण गरेका हो ?

☞ घिमिरे:- एउटा स्पष्ट कुरा के हो भने सबै आन्दोलनरत पक्षको चाहनालाई मेटाउन सकिदैन । लाखौ भनेपछि जति लाख भएपनि त्यही भित्र पर्दछ भन्ने कुरा उनीहरुले बुझदैनन् त्यही कुरामा ध्यान नगएको हो की भन्ने लाग्दछ हामीलाई विश्वास छ, अब रेडियो वीरगंजमा त्यस्ता आक्रमण हुनेछैन ।

✍ कृपा:-बाराका पत्रकार विरेन्द्र साहको हत्या लगतै संचारकर्मीमा केही नैराश्यता छाएको हो घिमिरे ज्यू ?

☞ घिमिरे:-पत्रकार विरेन्द्र साहको हत्या जसले जुन उदेश्यले गरेको भएपनि त्यो कायरता पूर्णको हत्या हो । साहको हत्याले माओवादी गिरिसकेको छ। जनताबाट माओवादी तिरस्कृत भएको छ ।

✍ कृपा:- वास्तवमा उज्वल घिमिरे को हो ?

☞ घिमिरे:- एउटा सरल, मिलनसार र एउटा मुटुभाषिका नाउँ अनुसारको काम गर्ने एउटा रेडियोकर्मी नै उज्वल घिमिरे हो ।

✍ कृपा:- उज्वल ज्यू, संविधानसभाको चुनाव २८ चैतमा नै होला जस्तो लाग्छ एउटा रेडियोकर्मीको हैसियतले हेर्दा ?

☞ घिमिरे:- निश्चय पनि जनआन्दोल माग- २ को मूख्य म्यान्डेट पनि त्यही थियो ।सबै मिलेर वातावरणको निर्माण गरे, सबैले प्रण गरेमा तोकिएको समयमा संविधान सभाको चुनाव हुन्छ भन्ने मलाई लाग्छ ।

✍ कृपा:-अन्तमा तपाईका आफना प्यारा श्रोतालाई पत्रिका मार्फद केही भन्न चाहानुहुन्छ ?

☞ घिमिरे:-आफूपनि बाचौ अरुलाई बाँच्न दिउँ । सबेले बाँच्न पाउने अधिकारले सुनिनिश्चतता गरेर सयमसँगै यो क्षेत्रमा आउने नव आगन्तुक साथीहरुलाई फस्टाउदो संचारक्षेत्रको गहनता बुझ्न आग्रह गर्दछु । विशेषगरी महिला संचारकर्मीलाई जुन प्रकारको अप्ठेरो छ, त्यो उहाँहरुले चिर्न सक्नुपर्छ । वास्तविक संचारकर्मी भएर काम गरेका संचारकर्मीहरु फास्टनउछन् भन्ने मलाई लाग्दछ, धन्यवाद ।



**सभाको रंगबिरंगी तयारी**: माघ १६ गते सात दलले बीरगंजमा आयोजना गरेको चुनावी सभालाई लक्षीत गरी पार्टीको झण्डा सिलाउँदै दर्जी। *तस्वीरः राम क्षेत्री*

## तिमिल्सिनाको चटनी



*जुन सुकै दलका भेटे पनि,*
*तपाई नै ठीक भन्ने गर्नुस,*
*जुनसुकै नेता भेट पनि,*
*अभिवादनको किक गर्ने*
*गर्नुस*
*केही ठेगान छैन,*
*राजनीतिको हुरी कताबाट*
*चल्छ,*
*तसर्थ जो जाहाँ जस्ता*
*देखिन्छन*
*तेतै फिट हुने गर्नुस*

## चुरे पहाडबाट हेर्दा सुरक्षा निकाय परिचालन ... ...



मधेशको समस्या हल न गरी सात दलले सुरक्षा निकायको बलमा सम्बीधान सभाको निर्वाचन गराउन खोज्नु कति सम्म जायत हो ? सो कुरोको स्पष्ट प्रमाण सुलसुलेले बिगतका दिनमा आठ दलले गर`को मधेश स्तरीय आमसभा कार्यक्रमले देखाई नै दिएको छ।

# माओवादीद्वारा पच्चीस गते भित्र केन्द्रीय कार्यालयमा उम्मेदवारको नामावली पठाउन निर्देशन

# स्थानीय निकाय समस्या समाधानको कार्यदलको बैठक पुन :स्थगित

■कृपा संवाददाता ————
काठमाण्डौ, १३ माघ / आसन्न चैत्र २८ गतेको संविधान सभाको चुनावलाई दृष्टिगत गरी नेकपा माओवादीले जिल्ला अन्तर्गतका सबै कार्य समितिलाई माघ २५ गते भित्रमा उम्मेदवारको नाउं सिफारिस गर्न निर्देशन दिएको छ।

आइतबार बिहान सो पर्टीको केन्द्रीय कार्यालय सिंह दरबारमा बसेको केन्द्रीय कार्यसमितिको बैठकले यस्तो निर्णय गरी दिर्नेशन गरेको माओवादी प्रवक्त कृष्णबहादुर महराले जानकारी दिनुभयो । प्रत्यक्ष र समानुपातीक गरी दुबै निर्वाचन प्रणालीबाट जिल्लाबाट उम्मेदवारको नाउं केन्द्रमा पठाउन माओवादीले यस्तो निर्देशन दिएको हो।

माओवादीले संविधान सभाको चुनावलाई मध्यनजर राख्दै जिल्लाको सांगठनिक संरचनामा समेत हेरफेर गर्ने निर्णय बैठकले गरेको बताइएको छ। बैठकले बिभिन्न राज्य उपराज्यको संरचनामा समेत फेरबदल गर्ने निर्णय गरेको पनि उक्त पार्टीले गरेको जनाएको छ।

संविधान सभाकालागि सबै जिल्लाका कार्यसमितिलाई माघ २५ गते सम्म केन्द्रीय कार्य समितिमा आउने गरी निर्वाचनकालागी उम्मेदवारको नामावली सिफारीस गर्न समेत निर्देशन दिएको छ। संविधान सभाको चुनाव कुनै पनि हालतमा तोकिएकै समयमा गर्नकालागि ठाउं ठाउंमा पार्टीले घोषणा सभा गर्ने र कार्यकर्तालाई चुनावका पक्षमा ब्यापक रुपले प्रयोग गर्ने निर्णय समेत बैठकले गरेको जनाइएको छ।

यसैबीच सात राजनैतिक दलीबच गठन गरीएको स्थानीय निकाय समस्या



समाधानार्थ गठित स्थानीय निकाय समस्या समाधानको कार्यदलको बैठक आइतबार पनि बस्न नसकेको बताइएको छ। स्थानीय विकास मंन्त्री देव गुरुंगले एमालेका प्रतिनिधि बैठकमा सहभागि हुन नआएका कारण बैठक बस्न नसकेको ताउनुभयो।

एमालेका तर्फबाट प्रतिनिधित्व गर्ने राजेन्द्र पाण्डे बैठकमा अनुपस्थित भएपछि आइतबार उक्त बैठक बस्न नसकेको हो । स्थानीय निकायमा कर्मचारीहरुले मात्रै जिम्मेवारी लिई रहेका बेला स्थानीय निकायमा राजनैतिक दलका प्रतिनिधिको ब्यवस्था गर्ने उद्देश्यले गठित सातै दलको संयन्त्रले खासै निर्णय गर्न सकेको छैन ।

बिशेष गरी एमालेले २५४ सालमा भएको स्थानीय निकायलाई नै मान्यता दिनुपर्ने निर्णय गरेपछि र माओवादीले समझदारीको आधारमा निकाय चलाउनु पर्ने अडान राखेपछि समस्या समाधान हुन नसकेको श्रोतले जनाएको छ ।

# चैतमा पनि चुनाव नहुने ओली

काठमाडौं, १३ माघ । तराईमा विभिन्न समूहले विभिन्न माग राखी गरिरहेको आन्दोलन सात दलको सरकारको गलत निर्णयको कारण भएको एमालेका एक वरिष्ठ नेताले बताएका छन् । आफू परराष्ट्रमन्त्री रहँदा तत्कालीन सरकारले गरेको नागरिकतासम्बन्धी निर्णयको कारण तराई समस्या बढेको दाबी गर्नुहुँदै एमालेका वरिष्ठ नेता केपी शर्मा ओलीले त्यसैको फलस्वरुप यो अवस्था आएको बताउनुभयो । उहाँले पार्टी कार्यालयमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै बाल मन्दिरमा चकलेट बाँडेजस्तो नागरिकता बाँडेकाले तराई समस्या बढेको ठोकुवा गर्नुहुँदै ओलीले अहिले तराईमा उठेका मागहरू थुप्रै पूरा भइसकेको बताउनुभयो ।

उहाँले तराई मधेस राज्य र सरकारी कार्यालयमा पहाडे मूलका कर्मचारीलाई काम गर्न नदिने माग सरकारलाई मान्य नहुने भन्दै आन्दोलनप्रति रोष प्रकट गरे । माओवादीको गतिविधिको कारण उनीहरूसँग कार्यगत एकता गर्न नसकिने भन्दै नेता ओलीले उपत्यकामा आफ्नो बाहुल्य भएकाले माओवादीका कारण आफ्नो पार्टीले एक सीट पनि नछाड्ने बताउनुभयो । उहाँले शान्ति सुरक्षाको कारण चैतमा निर्वाचन हुन नसक्ने दाबी गर्दै ओलीले मंसिरमा चुनाव हुन नदिएर माओवादीले राजसंस्थाको आयु लम्ब्याउने काम गरेको बताउनुभयो ।

# युनिलिभर नेपालमा धर्ना

*हेटौंडा, माघ, १३* स्थानीय व्यक्तिहरुलाई रोजगारी नदिएको भन्दै मकवानपूर बसामाडिका बासिन्दाले बहुराष्ट्रिय कम्पनि युनिलिभर नेपाल लिमिटेडको मुल गेटमा आज धर्ना दिए। विहान १० वजेदेखि उनिहरुले उद्योगबाट कसैलाई पनि भित्र जान नदिएपछि उद्योगको काममा समेत अवरोध पुगेको थियो ।अवरोधलाई हटाउने विषयमा विहानैदेखि उद्योगको आधिकारीक युनियन र अन्य पार्टिका भातृ सँगठनहरुले पहल गरेको हाम्रा सहकर्मीले जनाएका छन् ।

# माओवादीले उम्मेदवार सिफारिस गर्न निर्देशन

*ललितपुर/ माघ १३* नेकपा ( माओवादी)को आज बसेको केन्द्रीय सचिवालय समितिको बैठकले संविधानसभा निर्वाचनका लागि उम्मेदवारहरूको नामावली सिफारिस गर्न जिल्ला कमिटीहरूलाई निर्देशन दिएको छ ।

स्थानीय विकासमन्त्री एवम् सो पार्टीका केन्द्रीय सदस्य देव गुरुङले यही माघ २५ गतेसम्म प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीका लागि उम्मेदवारहरूको नाम सिफारिस गर्न बैठकले जिल्ला कमिटीहरूलाई निर्देशन दिएको जानकारी दिनुभयो ।

बैठकले विभिन्न राज्य र उपराज्य समितिमा जिम्मेवारीसमेत हेरफेर गरिएको र केही केन्द्रीय सदस्यलाई राज्य समितिको जिम्मेवारी दिनुका साथै केहीलाई बढुवा गरेको बताइएको छ । रासस

# मगन्तेद्वारा गुम्बालाई आर्थिक सहयोग

■कृपा संवाददाता————
निजगढ, १२ माघ / बारा निजगढ वडा नं. ७ स्थित अधुरो रहको टांसी छ्योई फेललिंग गुम्बालाई पुनः निर्माण गरी सम्पन्न गराउन काठमाण्डौका विभिन्न गुम्बाहरुको नजिकै बसी मागेर जीवन गुजारा चलाउने एक मगन्तेले १० हजार रुपैया आर्थिक सहयोग गरेको छ ।

बाराको डुमरवाना गाविस अन्तर्गत रहेको ककरी ४ का मगन्त कर्मध्वज लामाले उक्त रकम गुम्बालाई सहयोग गर्नु भएको निर्माण समितिका अध्यक्ष पेमा सिद्धि लामाले जानकारी दिएका छन् । करिब १२ बर्ष अघि तत्कालीन समान्य प्रशासन मन्त्री बिमलेन्द्र निधिले शिलान्यास गरी निर्णया कार्य थालनी गरिएपनि विभिन्न कारणले हाल सम्मा जीर्ण अवस्थामा रहेको थियो। सोही गुम्बाको प्रांगणमा आज आयोजित भेलामा निजगढ विकास समितिबाट १ लाख ५० हजार, यातायात ट्रक व्यवसायी संघ निजगढले ६५ हजार, समाजसेवी उद्योगी शुरेस खनालबाट १० हजार १ रुपैया, वयोबृद्ध समाजसेवी ललित बहादुर बुढाथोकीबाट ५ हजार र बुद्धिमान घिसिंगले १० बोरा सिमेन्ट सहित २ लाख ३५ हजार आर्थिक संकलन भएको छ। अधुरो गुम्बा निर्माण गर्न करिब ९ लाख रुपैया लाग्ने नव गुम्बा निर्माण समितिले जानकारी दिएको छ।

## समाचार संक्षेप

# मधेसी जनता निर्वाचनमा मतदान गर्न आतुर

*मकवानपुर/ माघ १३* वन तथा भूसंरक्षणमन्त्री मातृकाप्रसाद यादवले मधेसी जनता संविधानसभाको निर्वाचनमा मतदान गर्न आतुर देखिएको बताउनुभएको छ।

भारत सरकारको सहयोगमा निर्मित हेटौँडास्थित वन विज्ञान अध्ययन संस्थानको अवलोकनका क्रममा आज सञ्चारकर्मीहरूसँग कुरा गर्दै उहाँले जस्तोसुकै अवरोध सृजनालाई चिर्दै मधेसी जनता संविधानसभाको निर्वाचनमा सहभागी हुने दाबी गर्नुभयो। जनकपुरमा सम्पन्न सात दलको आमसभा बिथोल्न खोज्नेहरूलाई मधेसी जनताले नै विफल पारिदिएको उल्लेख गर्दै मन्त्री यादवले संविधानसभाको निर्वाचन तोकिएकै मितिमा हुने हुँदा यसमा कुनै शङ्का नगर्न सबैलाई आग्रह गर्नुभयो ।निर्वाचनपछि मुलुक एक प्रणालीमा चल्ने र सबैलाई समेट्दै अगाडि बढ्ने हुँदा निर्वाचनमा सहभागिताका लागि आ–आफ्नो क्षेत्रबाट पहल गर्नसमेत उहाँले सबैसँग आग्रह गर्नुभयो। रासस

# युवा अभियान भ्रमण टोली कलैयामा

कलैया, १३ माघ शान्ति, सद्भाव र एकता कायम गरी निर्वाचनको राम्रो वातावरण बनाउने उद्देश्यले युवा अभियान भ्रमण टोलीले आज कलैयामा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

बाह्र वर्षे जनयुद्धबाट भएको मानवीय तथा भौतिक क्षतिको प्रभाव र द्वन्द्वको बेलामा विस्थापित सहिद परिवारले राहत पाएका छन्, छैनन् भन्नेबारे अन्तरक्रियामा छलफल भएको थियो ।

सो अवसरमा नेकपा एमालेका जिल्ला सचिव अच्युत मैनाली, नेकां सभापति राधेचन्द्र राय, राप्रपा अध्यक्ष प्रयाग राय यादव, सद्भावना पार्टी(आनन्दीदेवी)का अध्यक्ष सरिफ अन्सारी, नेकपा मालेका वसन्त नेपाल, संयुक्त वाम मोर्चाका गौरीशङ्कर गोढ, नेकपा माओवादीका राकेश यादव, इन्सेकका रोशन अर्याल, पत्रकार अजव गौतम, लक्ष्मी सरायु, नागरिक समाजका अध्यक्ष सुखप्रसाद चौधरी र प्रजिअ कामेश्वर सिन्हाले जिल्लाको वस्तुस्थितिबारे जानकारी गराएका थिए । अन्तरक्रिया कार्यक्रममा राजनीतिक दल, समाजसेवी, मानवअधिकारकर्मी, सञ्चारकर्मी, कार्यालय प्रमुख, द्वन्द्व पीडित र विस्थापित गरी करिब ५० जनाको सहभागिता थियो ।

# सद्भावना राष्ट्रिय कार्यसमिति पुनर्गठन

सप्तरी, १३ माघ नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)को राष्ट्रिय कार्यसमिति पुनर्गठन गरिएको छ ।

आनन्दीदेवी सिंहको अध्यक्षतामा पुनर्गठित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा खुसीलाल मण्डल, उपाध्यक्षद्वयमा कमलेस तिवारी र अमृता अग्रहरी, महासचिवद्वयमा डा. डम्बरनारायण यादव र कासिम अली सिद्धकीलाई चयन गरिएको सो पार्टीले जनाएको छ ।
यसैगरी पुनर्गठित कार्यसमितिको सह–महासचिवद्वयमा रामवरण यादव र रमनकुमार पाण्डेय, प्रवक्तामा श्रीमननारायण मिश्र र कोषाध्यक्षमा तेजकान्त झा चयन हुनुभएको छ ।

कार्यसमितिका सदस्यहरूमा गोविन्द थारु, डा. रामदेव सिंह, यदुवंश साह, सरिता गिरी, रामईश्वर राय यादव, मुक्तिनाथ मण्डल, दुर्गाप्रसाद राजवंशी, रविन्द्रनाथ मिश्र, रामबाबु सिंह, बाबुनन्द यादव, परमानन्द यादव, ठाकुरप्रसाद यादव, आनन्द महोपाल, भीमराज यादव, योगेन्द्रनारायण सिंह, सीताराम पौदार, सुनिता चौधरी, मोहम्मद कमालउद्धिन मियाँ, विजयकान्त झा, हरेराम मण्डल, वीरेन्द्र दास र रामानन्द झालाई चयन गरिएको जनाइएको छ । सो पार्टीद्वारा आज प्रकाशित एक विज्ञप्तिमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्यामसुन्दर गुप्तासहित देवेन्द्र मिश्र र भोगेन्द्र ठाकुरलाई पार्टी साधारण सदस्यताबाट समेत निलम्बन गरिएकाले उहाँहरूको नाम कार्यसमितिमा नराखिएको जनाउँदै उहाँहरूबाट सन्तोषजनक जवाफ आएपछि विचार गरिने उल्लेख गरिएको छ । रासस

# पेट्रोलियम मजदूर आन्दोलनमा

काठमाडौ, १३ माघ नेपाल पेट्रोलियम मजदुर युनियनले आफ्ना १६ बुदे माग पुरा गराउन विभिन्न सङ्घर्षका कार्यक्रम घोषणा गरेको छ ।

युनियनको राष्ट्रिय भेलाले श्रम ऐन लागु गर्नुपर्ने, मजुदरलाई नियुक्तिपत्रको व्यवस्था गर्नुपर्नेलगायतका माग पुरा गराउन यही माघ १५ गतेदेखि सुरु हुने गरी सङ्घर्षका कार्यक्रम घोषणा गरेको हो ।युनियनका अध्यक्ष गोकर्णराज खड्काले नेपाल पेट्रोलियम डिलर्स एसोसिएसनले पेट्रोलियम मजुदरका मागलाई रद्दीको टोकरीमा फालेको आरोप लगाउदै सशक्त सङ्घर्षका लागि सम्पूर्ण मजदुरलाई एकजुट हुन आग्रह गर्नुभयो ।

नेपाल ट्रेड युनियन महासङ्घका केन्द्रीय सदस्य दीपक पौडेलले महासङ्घ पेट्रोलियम मजदुरका माग पुरा गराउन सधै तयार रहने बताउनुभयो ।

साथै युनियन र अखिल नेपाल पेट्रोलियम मजदुर सङ्घले आगामी सङ्घर्षका लागि संयुक्तरूपमा गोकर्णराज खड्काको संयोकजत्वमा १३ सदस्यीय सङ्घर्ष समितिको घोषणा गरेका छन् । रासस